स.क.प.द.नं.३६९९२/०६९/०७०
पो.ब.नं. २०७१२

०१-४५३२२७१

# नेपाल सुनचाँदी व्यवसायी महासंघ

## Federation of Nepal Gold & Silver Dealers' Associations

<u>*ATT News Desk*</u>

स्थापित : २०६९
नक्साल, काठमाडौं ।

मितिः–२०८१/०६/०४ गते




| Date | Day | Gold per 10g | Gold Tola | Silver per 10g | Silver Tola |
|---|---|---|---|---|---|
| 2081/05/30 | **Sunday** | 1,34,430/- | 1,56,800/- | 1629/- | 1900/- |
| 2081/05/31 | **Monday** | 1,34,860/- | 1,57,300/- | 1642/- | 1915/- |
| 2081/06/01 | **Tuesday** | 1,34,345/- | 1,56,700/- | 1633/50 | 1905/- |
| 2081/06/02 | **Wednesday** | 1,34,090/- | 1,56,400/- | 1620/50 | 1890/- |
| 2081/06/03 | **Thursday** | 133,400/- | 1,55,600/- | 1612/- | 1880/- |
| 2081/06/04 | **Friday** | 134,690/- | 1,57,100/- | 1642/- | 1915/- |

### <u>सुनको भाउमा रेकर्ड माथी रेकर्ड कायम हुँदै ।</u>

यो सातापनि सुनको मूल्यमा रेकर्ड माथी रेकर्ड कायम भएको छ । साताको पहिलो दिन आइतवार रेकर्ड कायम भएको सुनको मूल्यमा दोस्रो दिन सोमवार फेरी ऐतिहासिक रेकर्ड कायम भएको छ ।

अन्तर्राष्ट्रिय बजारमा नै सुनको मूल्य बढ्नु, र विनिमय दर पनि बढ्नु, युद्ध चर्किनु, र विकसित राष्ट्रहरुले सुनको मौज्दात बढाउनुले पनि सुनको मूल्य बढ्नुका कारण हो भनि विश्लेषकहरुको भनाई रहेको छ ।

नेपाली बजारमा यो साता सुनको मूल्यमा रेकर्ड माथी रेकर्ड कायम भयो । साताको पहिलो दिन आइतवार उच्च रेकर्ड राख्दै १ लाख चौंतीस हजार चारसय तीस रुपैयाँ रहेको सुनको मूल्य सोमवार फेरी अर्को उच्च ऐतिहासिकरेकर्ड राख्दै रु. १ लाख चौंतीस हजार आठ सय साठी कायम भयो । त्यस पछि घटेर गई साताको अन्तिम दिन शुक्रवार अलि बृद्धि भई रु १ लाख चौतीस अजार छ सय नब्बे कायम भयो । यो मूल्य साताको पहिलो दिनको तुलनामा प्रति १० ग्राममादुईसय साठीले बढी हो ।

यो साता नेपाली बजारमा चाँदीको मूल्य पनि बढेको छ । साताको पहिलो दिन आइतवार प्रति १० ग्राम १ हजार छ सय उनान्तीस रहेको मूल्य साताको पछिल्लो कारोवार भएको दिन शुक्रवार प्रति १० ग्राम १ हजार छ सय बयालीस रुपैयामा कारोबार भयो ।

**किरणभाई बज्राचार्य**
**महासचिव**